## संस्मरण

# जर्नल लेख लेखन अनुभव : संगत र स्रोतको (अन)उपलब्धताले पारेका व्यक्तिगत प्रभाव

**सफल घिमिरे**

### परिचय

नेपालमा आम मानिस र सरकारी पद धारण गरेका नीति-निर्माताले समेत जर्नल लेखको महत्त्व कमै बुझेको देखिन्छ ।[1] यस्तो अवस्थामा अनुसन्धानलाई नै आफ्नो पेसा र रुचिको विषय भनी रोज्नु एक नवयुवकको लागि अप्ठेरो काम थियो । मैले वि.सं. २०६४ देखि सक्रिय रूपमा अनुसन्धानमूलक पठन, पाठन, सिकाइ र लेखाइ शुरू गरेको थिएँ । यो लेख अनुसन्धानमूलक जर्नल लेख छाप्ने क्रममा मलाई केले हौस्याए, केले अड्चन थापे र कसरी मैले अड्चनसँग जुझ्ने शैली बनाएँ भन्नेबारे नितान्त व्यक्तिगत फेहरिस्त हो । तथापि, यस लेखको उद्देश्य मेरा कामको आत्म प्रशंसात्मक अभिलेख राख्नु होइन । बरु नयाँ विद्यार्थीहरू अनुसन्धान जगतमा छिर्दा कस्ता समस्या आउँछन् र तिनको भावी अनुसन्धान "करिअर" बाट यस्ता अड्चनलाई कसरी हटाउन सकिन्छ भनी विमर्श गर्नु हो । जर्नल लेख लेखनका लागि प्रेरणा र तत्सम्बन्धी प्रक्रिया, अनुभव तथा सिकाइ गरी यो लेख चार भागमा संगठित छ ।

### अनुसन्धाताको संगत

मलाई जर्नल लेख छपाउन हुटहुटी जगाउने तीन कारण थिए । पहिलो, अनुसन्धानमा होमिएका आफन्तको सामीप्य; दोस्रो, विश्वविद्यालयमा भेटेका जाँगरिला प्राध्यापकको दैनिकी; र तेस्रो, जागिरको सिलसिलामा दीर्घ अनुभवी अनुसन्धातासँग गरेको संगत । यीमध्ये पहिलो कारण थियो, मिडिया अनुसन्धाता शेखर पराजुली दाइका किताब । २०६० साल तिरको कुरा होला । किशोरवयमै थिएँ । काम विशेषले काठमाडौं गएको थिएँ ।

[1] यो लेखको छोटो स्वरूप *अन्नपूर्ण पोस्ट्* (फुर्सद) मा प्रकाशित भएको थियो (घिमिरे २०७६) ।

शेखर दाइको बानेश्वरस्थित डेरामा सात दिन एक्लै बस्नुपर्ने भयो । साथी थिए, उहाँका कोठा र भान्सा भरी छरिएका विचित्रका किताब । ती मैले पढ्ने गरेका उपन्यास र अखबारे लेखभन्दा भिन्न र अनौठा थिए । बीचबीचमा कोष्ठ राख्दै क-कसको हो थर र प्रकाशन वर्ष मिसाइएका । अन्तिममा सबै लेख र पुस्तकका नाम लहरै राखिएका । त्यतिन्जेल स्थानीय पत्रिकामा फुटकर लेख मात्रै छपाएको थिएँ । राष्ट्रिय दैनिकमा कनिकुथी सय शब्दका पाठकपत्र पठाउँथेँ । तीमध्ये पनि छापिने विरलै हुन्थे । नौसय शब्दको विचार लेख पढ्न त कतिलाई घनघस्या चढे झैँ हुन्छ भने २०–२५ पृष्ठका यस्ता अनौठा लेख पढ्न र लेख्नमा मान्छेले समय किन फाल्दा हुन् भन्ने लाग्थ्यो । पोखरा फर्केपछि दाइलाई ती के थिए भनी सोधेँ । प्राज्ञिक लेख (एकेडेमिक आर्टिकल) भन्दा रहेछन् । निर्धारित विषयमा नियमित प्रकाशन हुने शृंखलाको भाग भए, जर्नल आर्टिकल ।

दोस्रो कारण थियो, काठमाडौँ विश्वविद्यालय (२०६५–२०६७ साल) मा छत्रमणि सरको कक्षा । "फी" तिर्न नसक्ने बबुरोले काठमाडौँ विश्वविद्यालयमा पढ्न पाउनु मेरो पहिलो सौभाग्य थियो । दोस्रो सौभाग्य, पानीशास्त्रका प्राध्यापक छत्रमणि शर्माको छत्रछायामा जर्नल लेख प्रकाशनबारे सिक्न पाउनु । अन्तर्राष्ट्रिय प्राज्ञिक जगतमा ज्ञानको सिर्जना कसरी गरिन्छ र सभ्य वादविवादले नवीन चेतनाको ढोका कसरी खुल्छ भनी छत्र सर उजिल्याउनु हुन्थ्यो । सार एउटै हुन्थ्यो, त्यस्तो परिष्कृत ज्ञानको एउटै बाटो हो जर्नल लेख ।

विस्तारै बुझ्न थालेँ । जर्नल लेख अभिव्यक्तिलाई कलात्मक पाराले पोख्ने कथा कविता होइन रहेछ । न रहेछ यो निजी विचार पोख्ने अखबारी लेखन । यसका प्रत्येक वाक्य बह वा आक्रोश हैन, तथ्य वा तर्कमा आधारित हुनु पर्छ । यदि निजी विचार, बह वा आक्रोश नै भइहाले पनि तिनलाई टेको दिने यथेष्ट र वस्तुगत प्रमाण हुनुपर्छ । स्तरीय जर्नलले लेख छाप्नुअघि विषय विज्ञबाट मिहिन समीक्षा गराउँछन् । लेखक र समीक्षक दुवैको परिचय "गोप्य" राखिन्छ । "ब्लाइण्ड रिभ्यू" भनिने यो गोपनीयताले लेखक वर्षौं अनुभवी प्राध्यापक हो वा सिकारु अनुसन्धाता भन्ने समीक्षकलाई थाहा हुँदैन (यद्यपि थोरै अनुसन्धाता हुने सुक्ष्म विषयमा भने कहिलेकाहीँ लेखक र समीक्षकको परिचय अनुमान गर्न मिल्ने पनि हुन्छ) । बहस केवल विषयवस्तुमा केन्द्रित रहन्छ । टिप्पणीको सन्तुलन मिलाउन प्रायः एकभन्दा धेरै समीक्षकलाई मस्यौदा पठाइन्छ । नतिजा अक्सर तीनमध्ये एक हुन्छ : स्वीकृत, अस्वीकृत वा पुनर्लेखन सहित स्वीकृत । यस्तो निर्णय समीक्षकको रायमा आधारित भई सम्पादक मण्डलले गर्ने गर्छन् ।

अनुसन्धानलाई सम्मान गर्ने समाज, विश्वविद्यालय वा प्राज्ञिक जागिरे बजारमा जर्नल लेख प्रकाशित गर्नुलाई प्रतिष्ठा र बौद्धिक स्वनिर्भरताको मापक मानिँदो रहेछ । राम्रो विश्वविद्यालयमा विद्यावारिधिमा भर्ना पाउन, तथ्यमा आधारित नीति तर्जुमा गर्न वा पूर्वस्थापित ज्ञानलाई चुनौती दिन पनि जर्नल लेख वजनदार हुँदा रहेछन् । अनि चढ्यो

ममा पनि जर्नलको आगो । यति तटस्थ बहसको प्रक्रियाबाट विचारको विराट महायज्ञमा होमिनु जस्तो सुखानुभूति अरू केमा हुन्थ्यो होला र ?

तेस्रो कारण थियो, जागिरको सिलसिलामा २०६६ देखि २०७० सालसम्म द्वन्द्वविद् विष्णुराज उप्रेतीसँगको संगत । उप्रेती सर पढ्न कडा मान्छे । पानी निले झैँ पुस्तकहरू पढेर घट्घट् निल्न सक्ने क्षमता थियो उहाँमा । २०६६ सालमा काठमाडौँ विश्वविद्यालयमा स्नातकोत्तर तहअन्तर्गत द्वन्द्व व्यवस्थापन विषय पढ्दा म उहाँको विद्यार्थी हुन पुगेँ । विद्यार्थीलाई उहाँका तीन सुझाव हुन्थे : थोरै सुत, धेरै पढ, लेखेका कुरालाई अन्तर्राष्ट्रिय रूपमा स्थापित सिद्धान्तसँग जँचाएर हेर । उहाँ विद्यार्थीलाई लेखिरहन प्रेरित गर्ने, मलाई चाहिएको लेख्ने वातावरण । उप्रेती सरको सहयोगले म "अनुसन्धानमा दक्षताको लागि स्वीस राष्ट्रिय केन्द्र" (स्वीस नेशनल सेन्टर अफ कम्पिटेन्स इन रिसर्च) नामक एक विश्वव्यापी अनुसन्धान सञ्जालसँग जोडिन पुगेँ । त्यहाँ संसारभरका ४० मुलुकका ३५० भन्दा बढी अनुसन्धाता विविध विषयमा अनुसन्धान र विमर्श गर्थे । त्यो चार वर्षको काम थियो, दक्षिण एशियामा भएका द्वन्द्वका जरा र तिनको निराकरणका उपायबारे अनुसन्धान गर्नु । अनुसन्धान पद्धतिमा अलि पकड बनाइसकेपछि एक दिन उप्रेती सरले सोध्नुभयो, "हामीले गरिरहेको अनुसन्धानबाट दुई ओटा छलफलपत्र र एउटा जर्नल लेख छाप्नुपर्ने छ । तपाईं कुन लिड गर्ने ?" मैले रत्ति पनि नरोकिई भनेँ, "जर्नल लेख लिड गर्छु ।" "लिड गर्नु" को अर्थ हो, प्रथम लेखकको रूपमा लेखका अवधारणा, पद्धति, तथ्य संकलन विधि र तर्क विकास गर्नु ।

अल्पअस्लान ओजरडम बेलायतको कोभेन्ट्री विश्वविद्यालय (हाल जर्ज म्यासन विश्वविद्यालय, अमेरिका) मा द्वन्द्वशास्त्रका कहलिएका प्राध्यापक थिए । उनको सम्पादनमा *जर्नल अफ कन्फ्लिक्ट ट्रान्सफर्मेशन एण्ड सेक्युरिटी* निस्कन्थ्यो । उनीसँग प्रत्यक्ष चिनजान त थिएन तर सीधै उनैलाई इमेल गरेँ । यो इमेल साना तथा ठुला व्यवसायीहरूले द्वन्द्व समाधानमा कस्तो भूमिका खेल्न सक्छन् र किन त्यो प्रभावकारी हुन सक्छ भन्नेबारे मैले गरिरहेको अनुसन्धानबारे थियो । अनुसन्धानको सारांश पठाए पछि उनको सम्पादकीय टोलीले अवधारणा मन परेको र पूरा लेख थाल्न भन्यो ।

जर्नल लेख लेख्न थालेपछि बीचमा धेरै अड्चन आए । नेपालमै बसी अनुसन्धान गर्दा अरू जर्नल लेख पढ्न मिल्ने पहुँच मसँग थिएन । धेरैजसो जर्नलले लेख उपलब्ध गराउन कि पैसा माग्थे, कि त सो जर्नलको ग्राहक बनिसकेका कुनै विश्वविद्यालय वा संस्थासँग आबद्ध इमेल परिचय । पहिलो मस्यौदा बुझाउँदा सम्पादकीय टोलीले लेख अद्यावधिक नभएको र सान्दर्भिक स्रोतहरूबारे प्रशस्त छलफल नगरेको टिप्पणी पठायो । अब अघि बढ्न पहेँलो बत्ति बलिसकेको थियो । विकल्प थियो, कि त्यस्ता सामग्री पढ्न स्रोत खोज्ने, कि पछि फर्किने । मैले टोलीलाई तिनले सुझाए अनुसारका सन्दर्भ सामग्री पढ्ने

पहुँच आफूसँग नभएको खुलाएँ । पछि ओजरडमको टोलीले विभिन्न सान्दर्भिक लेखहरू पठाएर सहयोग गरे । सबै जर्नल झैँ यसमा पनि टिप्पणी, खण्डन, सुधार र प्रतिरक्षाको क्रम छ महिना जति चल्यो । अनि अप्रिल २, २०१२ मा लेख स्वीकृत भएको इमेल आयो । इमेल पढेपछि हावामा विजयी भावमा मुक्का हानेँ । किनकि प्रमुख लेखक भएर मेरो पहिलो लेख *जर्नल अफ कन्फ्लिक्ट ट्रान्सफर्मेशन एण्ड सेक्युरिटी*मा छापिएको थियो (घिमिरे र उप्रेती सन् २०१२) । अगाडि लेखे झैँ जर्नल लेखमा प्रमुख लेखक हुनुको विशेष अर्थ हुन्छ । अनुसन्धान पद्धति, तथ्य विश्लेषण र मस्यौदा तयारीमा अरूको भन्दा उसको धेरै भूमिका हुन्छ ।

२०६६ सालमा स्नातकोत्तर अध्ययन गर्दै गर्दा मैले मार्टिन चौतारीको मिडिया फेलोशिप वृत्तिको लागि पठाएको अनुसन्धान प्रस्ताव स्वीकृत भयो । म्याग्दीको नाङ्गी गाउँ पुगेर गरेको अनुसन्धानमा आधारित लेखहरू नेपालबाट *मिडिया अध्ययन* जर्नलमा र पाकिस्तानबाट *सस्टेनेबल डेभलपमेन्ट* संग्रहमा छापियो (घिमिरे सन् २०११ र सन् २०१२) । यी लेखले द्वन्द्वको समयमा सूचना प्रविधिले ग्रामीण जीविकालाई कस्तो असर पार्छ भन्ने खोतलेका थिए । लेख्दै जाँदा थाहा भयो, जर्नल लेखलाई अन्तर्राष्ट्रिय प्राज्ञिक समुदायले पनि पत्याउनुपर्ने रहेछ । यहाँ अन्तर्राष्ट्रिय समुदाय भन्नाले सामान्यतया बुझिने अंग्रेजीभाषी वा नेपाल बाहिरका समुदाय भन्ने होइन । बरु लेखहरू फरक-फरक स्थानमा आधारित भई अध्ययन-अनुसन्धान गरिरहेका विज्ञबाट सदर हुनुपर्ने भन्ने हो । यस्तो प्रक्रियाले लेखमा आउने टिप्पणीलाई एकरूप नभई विविध बनाउन मद्दत गर्छ । यसले लेख र त्यसमा निहित तर्कको औचित्य पुष्टि गर्न पनि सघाउँछ र निष्कर्षमा आएको नवीन ज्ञानको विश्वसनीयता बढाउँछ । उत्कृष्ट संस्था वा अनुसन्धाताले उद्धृत गरे या सरकारी निकायले नीति परिवर्तन गर्न प्रयोग गरे बल्ल अनुसन्धानको सही प्रयोजन हुने रहेछ । लेखको प्रभाव बलियो पार्न जान्नुपर्ने अर्को कुरा थियो, राम्रो जर्नल कसरी छान्ने ? जर्नल छनोट र प्रकाशनको प्रक्रियालाई कसरी बुझ्ने ?

## प्रक्रिया : गुणस्तर हेर्ने सम्पादक, तर्कप्रति जिम्मेवार लेखक

प्रायः जर्नलले समीक्षा अघि बढ्ने वा लेख अस्वीकृत हुने जानकारी मस्यौदा पठाएको केही हप्तामा दिन्थे । सम्पादकलाई लेख समीक्षायोग्य (प्रकाशनयोग्य यद्यपि होइन) लागेमा तीन महिनामा घटीमा दुई जनाको टिप्पणी आउँथ्यो । त्यसपछि थप काम सक्न तीनदेखि छ महिना । सबै समीक्षक वा समीक्षकका सबै टिप्पणीसँग सहमत हुनैपर्छ भन्ने हुँदैनथ्यो । तर नभए किन सहमत नभएको भनी विश्वस्त पार्ने तर्क पेश गर्न सक्नुपर्थ्यो । यी प्राज्ञिक संवादको संयोजन सम्पादकले गर्थे । यस्तो प्रकाशन प्रक्रियाप्रति तब झनै सम्मान बढ्थ्यो, जब अर्धविराम र पूर्णविराम हटाउन/थप्न पनि सम्पादकले मेरो अनुमति माग्थे । किनकि

छापिएपछि लेखको अपनत्व लेखकले लिनुपर्छ। ख्याति कमाएका प्रकाशकले छाप्ने प्राज्ञिक पुस्तक पनि यस्तै मिहिन प्रक्रियाले अघि बढ्छन्। जे लेख्यो त्यही छापिने भन्ने हुँदैन।

समाज विज्ञानका जर्नलहरूले औसतमा तीन महिनामा लेख स्वीकृत भए/नभएको निर्णय पठाउँछन्। तर १५० वर्षदेखि छापिएको *नेचर* जर्नलबारे प्राज्ञिक जगतमा एउटा रमाइलो ठट्टा छ। भनिन्छ, आफ्नो प्रस्तावित लेख *नेचर*मा दुई घण्टाभन्दा बढी टिक्यो भने भाग्यमानी सम्झे हुन्छ। किनकि त्यहाँ अधिकांश मस्यौदा १५ मिनेटमै अस्वीकृत हुन्छन्।

विश्वसनीयता र गुणस्तरका दृष्टिले *नेचर*लाई संसारकै उत्कृष्ट जर्नल मानिन्छ। यसको "इम्प्याक्ट फ्याक्टर" सन् २०१८ मा ४३ थियो। यसको अर्थ छापिएको दुई वर्षभित्र *नेचर*का लेख औसतमा ४३ पटक अरूले उद्धृत गर्ने गर्छन् भन्ने हो। *नेचर*मा एउटै लेख छपाउने अनुसन्धाताले "करिअर" मा एकैपटक दश फड्को मार्छ भनिन्छ। त्यसैले विज्ञान विधामा लागेका कतिपयको धोको जीवनमा एकपटक *नेचर*मा लेख छाप्ने भन्ने हुन्छ। तथापि, "इम्प्याक्ट फ्याक्टर" नै लेख वा जर्नलको गुणस्तर मापन गर्ने सर्वोत्तम आधार हो वा होइन भन्ने बहस पनि संसारभर कायम छ। यो विषय माथिको तथ्यांकशास्त्रीय र प्रविधिशास्त्रीय बहस इन्टरनेट सञ्जालमा बग्रेल्ती पढ्न पाइन्छ।

"इम्प्याक्ट फ्याक्टर" आधारित अन्य विज्ञानको अंक गणितबाट समाज विज्ञान अलि पर छ। यहाँ विषयहरू फराकिलो हुन्छन् भने अरूले छिटै उद्धृत गर्ने सम्भावना पनि कम रहन्छ। त्यसैले "इम्प्याक्ट फ्याक्टर" बाट समाज वैज्ञानिक जर्नलको स्तर निर्धारण गर्न गाह्रो हुन्छ। त्यसको सट्टा जर्नलको समीक्षाको गुणस्तर, छाप्ने संस्था, सम्पादक र सम्पादकीय मण्डलको प्राज्ञिक साखलाई गुणस्तर जाँच्ने अतिरिक्त आधार मानिन्छ। जस्तै, *अस्ट्रेलियन पोलिटिकल स्टडिज एशोसिएशन*ले यस्तै मापदण्ड बनाइ समाज वैज्ञानिक जर्नललाई क, ख, ग र घ गरी वर्गीकरण गर्ने गरेको छ।

जर्नल जस्तै लेखक/अनुसन्धाताका प्रभाव नाप्ने आधार पनि बनाइएका छन्। कुल उद्धृत संख्या (टोटल साइटेशन इण्डेक्स), दशभन्दा बढी पटक उद्धृत भएका लेखहरूको संख्या (आई-टेन इण्डेक्स) जस्ता धेरै मापदण्ड प्रचलनमा छन्। "गूगल स्कलर" र "अर्किड" यसका उदाहरण हुन्। यस्ता मेट्रिक्सको विश्वसनीयता र सफलता निर्धारण पद्धतिबारे बेला-बेला प्रश्न उठिरहन्छन्। तर पनि कम्तीमा यस्तो प्रकाशन जगतमा एउटा पद्धति छ र तिनलाई अझै स्तरीय बनाउने प्रक्रिया जारी छ। यही ओजले तानिएर म पनि होमिएँ जर्नल लेखको संसारमा।

## अनुभव : लड्दै र उठ्दै तय गरिने यात्रा

मसँग अनुसन्धान गरेको केही वर्षको अनुभव थियो। दुई/चार जर्नल लेख पनि छापिएपछि अस्ट्रेलियाको न्यू इंग्ल्याण्ड विश्वविद्यालयबाट विद्यावारिधिको लागि पूर्ण छात्रवृत्ति सहितको

अफर पाएँ । अहिले फर्केर हेर्दा लाग्छ, त्यसपछि अलि रौसिएछु । द्वन्द्व तथा सुरक्षा क्षेत्रमा सबैभन्दा माथिल्लो डिग्री लिइरहेको विद्यार्थी, अब त सुरक्षाशास्त्रको सबैभन्दा प्रतिष्ठित जर्नलमा लेख छपाउँछु भन्ने लाग्यो । विद्यावारिधि शुरू गरेको तीन महिना पनि भएको थिएन, बडो रहरले एउटा लेखको मस्यौदा तयार पारेँ । अनि र्‍याण्डल स्वेलरजस्ता नामी प्राध्यापकले सम्पादन गर्ने *सेक्युरिटी स्टडिज*मा पठाएँ । त्यो महत्त्वकांक्षा उच्च तर काम भने हतारको थियो । छापिनु त कहाँ-कहाँ, मस्यौदा समीक्षामै पनि गएन । लेखले नेपालको शान्ति प्रक्रिया बिगार्ने विदेशी नै हुन् भन्ने खालको अलिक राष्ट्रवादी तर्क पुष्ट्याँइ गर्न खोजेको थियो । सम्पादकले झाँको झारेर इमेल गरे ।[२] *इन्टरनेशनल स्टडिज*मा पनि त्यस्तै भयो । चाहेँ भने जहाँ पनि छाप्न सक्छु भन्ने मेरो अभिमान त्यसपछि चाहिँ लत्र्याक लुत्रुक्कै भुईँमा सुत्यो ।

त्यसपछि त्यति बेला सम्मका आफ्ना सबै कामको पुनःसमीक्षा गरेँ । सिद्धान्तहरूको अध्ययन गर्न थालेँ । व्यक्तिगत पूर्वाग्रहलाई ताल्चा लगाएर कसरी मिल्काउने भन्ने सिक्नेतर्फ लागेँ । जस्तै मधेसबारे अनुसन्धान गर्दा हामी आफ्नो पहाडी पहिचानलाई मस्तिष्कबाटै झिकेर त्यो पीडा अनुभव गर्न सक्छौँ कि सक्दैनौँ ? एकचोटि नेपाली नभइकन भारतबारे वस्तुगत र सकेसम्म तटस्थ विचार-मन्थन गर्न सक्छौ कि सक्दैनौँ ? हाम्रा विचारहरू हाम्रो पहिचान सापेक्ष भइदिए भने कसरी हुन्छ निरपेक्ष ज्ञानको सिर्जना ? समाज विज्ञानको एउटा धर्म भनेको "डिट्याच्ड वण्डर" (असंलग्न चिन्तन) हो । मैले सिकेको कुरा : समाजसँग संलग्न होऊ, विभिन्न कोणबाट परिघटनालाई बुझ । तर विश्लेषण गर्दा आफूलाई सबैबाट अलग्याऊ । हुन त पछिल्ला दशकमा मानवशास्त्र र नारीवादजस्ता अनुसन्धानका क्षेत्रमा ज्ञानको उत्पादन अनुसन्धाताको सामाजिक पहिचान र भौगोलिक अवस्थिति (ऊ रहेको

[२] प्रधान सम्पादक प्राध्यापक स्वेलरको मुख्य टिप्पणी यस्तो थियो, "तपाईंले पठाउनु भएको मस्यौदा जुन अवस्थामा छ त्यसले न भनिएको विषयवस्तु माथि स्पष्ट-परिभाषित र पेचिलो सिद्धान्तगत अवधारणालाई विकास र परीक्षण गरेको छ, न फराकिलो सैद्धान्तिक कृति र बहसलाई समेटेको छ । यो मस्यौदा एउटा गम्भीर विश्लेषणमा आधारित छ तर सुयोग्य समीक्षकले यसलाई धेरै कोण र तहबाट चुनौती दिने पक्का छ । मुख्य कुरा त तपाईंको लेखले विचार निर्माण कसरी गर्दैछ भन्ने नै अस्पष्ट छ । त्यसमाथि यो लेखको शीर्षक भ्रामक छ । यसले संकटावस्थामा अन्तर्राष्ट्रिय संलग्नताबारे यहाँ खोजबीन गरिनेछ भन्छ तर त्यो प्रश्नलाई भित्रसम्म पुगेर सम्बोधन गरिएको छैन । यहाँ साहित्यको पुनरावलोकन लामै छ तर खुट्ट्याउनै मिल्ने गरी मौलिकता केही छैन । अध्ययनको लागि नेपाल नै किन रोजियो भन्ने पनि खुलाइएको छैन । समष्टिमा, उपयुक्तता, मौलिक योगदान र समकक्षी समीक्षामा गएर पनि टिक्ने सम्भावनालाई आकलन गर्दा हामीलाई यो लेख अलि निम्नस्तरकै लागेको छ ।" सेप्टेम्बर ३, २०१४ मा अंग्रेजीमा प्राप्त समीक्षा टिप्पणीको मैले गरेको अनुवाद ।

ठाउँ) मा पनि निर्भर रहन्छ भन्ने अवधारणा (सिचुएटेड नलेज) हुर्कँदो छ । तर तथ्यपरक ज्ञानको सिर्जना गर्न व्यक्तिगत पूर्वाग्रहभन्दा निश्चित समूह वा वर्गको अनुभवलाई प्रतिबिम्बित गर्नुपर्छ भन्नेमा यी विधाभित्र दुईमत छैन ।

समकक्षी-समीक्षक (पिअर रिभ्यूअर) बाट आउने सुझाव र टिप्पणीले कहिले निकै हतोत्साही बनाउँथे भने कहिले लेखलाई अझै शक्तिशाली बनाउन सहयोग (भ्यालु एड) गर्थे । कोही-कोही समीक्षकले सारांश (एब्स्ट्र्याक्ट) मात्रै पढेर अनुसन्धान विधि र निष्कर्षमै तादात्म्य देखिनँ भनी मस्यौदा अस्वीकार गर्न सिफारिस गर्थे । तथापि, यस्ता टिप्पणीका बाबजुद लेखमा केही दम देखिए मस्यौदा अस्वीकार किन नगर्ने भनी सम्पादकले लेखकलाई प्रतिरक्षाको अवसर पनि दिन्थे । मैले भोगेको सबैभन्दा तर्कहीन टिप्पणी चाहिँ नेपाली सेनाका सेनापतिबारे थियो । मैले *डेभलपमेन्ट एण्ड चेन्ज* जर्नललाई पठाएको मस्यौदामा नेपाली सेनाको नेतृत्वबारे आलोचनात्मक टिप्पणी थियो, तर समीक्षकले भने नेपाली सेनाका सेनापतिलाई आफूले केही वर्षदेखि चिनेको र नेतृत्व त्यस्तो हुनै नसक्ने टिप्पणी पठाएका थिए । मैले जवाफमा जर्नल सम्पादकलाई समीक्षकको यस्तो टिप्पणीको प्राज्ञिक वजन नभएको जवाफ पठाएपछि सम्पादकले अन्य टिप्पणीको मात्रै जवाफ दिन भने । तथापि, मैले यसलाई पछि जर्नल लेखको रूपमा नछापी रुटलेजद्वारा प्रकाशित आफ्नो पुस्तकमा समावेश गरेको छु (घिमिरे सन् २०१९) । यसरी विवेक र विज्ञान नमिसिएको टिप्पणी भए त्यसलाई सदर/बदर गर्ने काम सम्पादकले गर्छन् । यी सबै प्रक्रियाबाट मैले पाएका सिकाइ अनगिन्ती थिए ।

## सिकाइ : आलोचनाले अविचलित दीर्घयात्रा

विश्वविद्यालयहरूमा मैले नजिकबाट संगत गरेका गुरुहरूले समेत घटनाक्रमको विश्लेषण गर्दा सिद्धान्तहरूलाई नबिर्सनु भनेका थिए । सिद्धान्तहरू धेरै वर्षसम्मको बहस र प्रतिबहसले खारिएर मात्रै स्थापित हुन्छन् । धेरै अनुसन्धानमा उपयोग गरिएको भए मात्रै तिनलाई फराकिलो अनुसन्धान समुदायले पत्याएको मान्न सकिन्छ । यस्ता सिद्धान्त समाज बुझ्ने आधारशिला समेत हुन् । अन्यत्रका अनुभव र सिद्धान्तसँग जुधाएर तथ्यको विश्लेषण गर्न थालेपछि विस्तारै मेरा लेख खारिँदै गए । त्यसपछि उत्कृष्ट मानिएका जर्नलमा क्रमशः लेख स्वीकृत हुन थाले । सुरक्षा क्षेत्र सुधारका परियोजना द्वन्द्वग्रस्त मुलुकमा किन प्रभावकारी छैनन् भन्ने बारेको लेख द्वन्द्वशास्त्रका हस्ती अलिभर रिच्मण्ड र रजर म्याक्गिन्टीद्वारा सम्पादित जर्नल *पिसबिल्डिङ*मा छापियो (घिमिरे सन् २०१६) । हुन त यो पनि द्वन्द्व रूपान्तरणको विदेशी शैलीप्रति आलोचना गरिएको लेख थियो । तर अस्वीकृत भएन किनकि यसमा तथ्य, तर्क र सिद्धान्तका कमजोरीलाई दश द्वन्द्वग्रस्त मुलुकका अनुभव सहित छर्लंग पारिएको थियो । यस्तै, अस्ट्रेलियन पोलिटिकल स्टडिज एशोसिएशनले “क”

वर्गमा राखेको *थर्ड वर्ल्ड क्वाटर्ली*मा अर्को लेख स्वीकृत भयो (घिमिरे सन् २०१७)। त्यो नेपालमा सुरक्षा क्षेत्र सुधारको लागि गरिएको बेलायती प्रयासबारे थियो। यस्तै अन्य लेखहरू *ग्लोबल चेन्ज, पिस एण्ड सेक्युरिटी* (घिमिरे सन् २०१८), *मिडिया, वार एण्ड कन्फ्लिक्ट* (घिमिरे र उप्रेती सन् २०१४ए) र *पिसबिल्डिङ एण्ड डेभलपमेन्ट* (घिमिरे र उप्रेती सन् २०१४बी) मा छापिए।

जर्नल लेख छापिएपछि अरू अनुसन्धाताले त्यसलाई उद्धृत गर्छन्। त्यो परोक्ष अन्तरक्रिया वर्षौँ चलिरहन्छ। तर कतिपय बेला पाठकहरू प्रत्यक्ष अन्तरक्रियामा पनि आउँछन्। मेरा जर्नल लेख प्रायः नेपाली सुरक्षा विषयमा हुन्छन्। त्यसलाई पढेर नेपालकै नीति-निर्माण तहबाट केही प्रतिक्रिया त आएको छैन, तर विदेशबाट भने केही आएका छन्। जस्तै, *थर्ड वर्ल्ड क्वाटर्ली* जर्नलमा नेपालको सुरक्षामा बेलायती सहयोगबारे छापिएको आलोचनात्मक लेख पढी बेलायती सेनाका कर्णेल सम्पर्कमा आएका थिए। उनले निकै अभिरुचिका साथ त्यस लेखका विषयवस्तु र बेलायती कमजोरीबारे खुलेरै छलफल गरे। यसरी नै *पिसबिल्डिङ जर्नल*मा प्रकाशित लेखलाई लिएर जर्मनीको अन्तर्राष्ट्रिय सुरक्षा मामिला हेर्ने अधिकृत सम्पर्कमा आइन्। यसको अर्थ हो, ज्ञान र प्रमाण आधारित तर्कलाई सम्मान गर्ने मुलुकमा जर्नल लेखलाई वजनदार बहसको रूपमा हेरिन्छ। यद्यपि, नेपालमा जर्नल लेख अध्ययन नगरिनु अभिरुचिकै कमीले मात्रै पनि होइन। पहिलो, जर्नल लेख अंग्रेजीमा धेरै छापिन्छ तर हामीकहाँ धेरै पढिने भाषा नेपाली हो। दोस्रो, जर्नल लेख किनेरै पढ्न चाहिँ धेरै नेपाली नीति-निर्माताको तलबले पनि पुग्दैन, संस्थाले पनि किन्न सक्दैनन्। यस्तो परिस्थिति आउनुमा यो जर्नल लेख प्रकाशन भनिने "उद्योग" पनि दोषी छ।

## प्राज्ञिक लेखनका पूर्वाधार

एउटा प्राज्ञिक लेखक बन्न तीनखाले स्रोत आवश्यक पर्ने रहेछः समय, सम्बन्ध र अनुसन्धान केन्द्रित जागिर। राम्रो अनुसन्धाता बन्नलाई परम्परागत "अफिस टायम" (जस्तै, बिहान ९ देखि साँझ ५ बजेसम्म) ले पुग्दैन। अनुसन्धाता खाना खाँदा पनि अनुसन्धाता नै हुन्छ, दाँत माझ्दा पनि। अध्ययन, लेखन, अन्य अनुसन्धातासँगको सम्बन्ध व्यवस्थापन र सबैभन्दा महत्त्वपूर्ण आफैलाई अद्यावधिक राख्न गर्नुपर्ने कामहरू प्रायः अवैतनिक नै हुन्छन्। तिनको लागि निश्चित समय भन्ने हुँदैन। तर निश्चित उमेर, आर्थिक अवस्था, पारिवारिक एवं लैंगिक जिम्मेवारी आदिले सबैलाई त्यो समय र सुविधा दिँदैन। सम्बन्ध आफैले बनाउने कुरा हो, तर त्यसको लागि निरन्तरता र वर्षौंको मेहनत उस्तै चाहिन्छ। किनकि सम्बन्ध स्थापन गर्नु र सोलाई निरन्तरता दिनु दुवै प्रभावकारी अनुसन्धाताको लागि अत्यावश्यक गुण हुन्। तेस्रो, अनुसन्धानमा रुचि भएर मात्रै पुग्दैन, दिनरात अनुसन्धान गरी बिताउन अनुसन्धानले नै खान पुग्ने अवस्था हुनुपर्छ (जस्तै, अनुसन्धाताको जागिर)। म आफैले

पनि स्वतन्त्र अनुसन्धाता हुन नपाएका वर्षमा आफ्नो प्राज्ञिक उत्पादकत्व घटेको महसुस गरेको छु । अनुसन्धानका विषयमा नेपाल बाहिरको अवस्था पनि उति उत्साहप्रद छैन । जस्तै, कतिपय रिसर्च इन्स्टिटच्यूटमा गरिएका केही अनुसन्धान छाप्न मिल्दैन, छापिहाले पनि संस्थागत लेखकत्व (कर्पोरेट अथरशिप) हुन्छ । यसको अर्थ नीतिपत्र (पोलिसी ब्रिफ), स्थिति विश्लेषण (सिचुएशन पेपर) आदिमा लेख तपाईंको नाममा नभई संस्थाको नाममा बाहिर आउँछ । त्यसले व्यक्तिगत वृत्ति विकासमा चाहिँ तगारो हाल्छ । यी सबैसँग जुझेर नै जर्नलमा लेख छापिने प्रक्रिया अघि बढ्ने हो । यो फूल छरिएको बाटो माथिको यात्रा निश्चय नै होइन ।

उत्कृष्ट मानिएका केही जर्नलमा लेख छापिएपछि अन्य जर्नलले पनि मलाई समीक्षक बन्न आग्रह पठाउन थाले । यो क्षेत्रमा समीक्षक बन्नलाई पनि केही विधागत उपलब्धि देखाएको हुनुपर्छ । अमेरिकाको नोभा स्टेट विश्वविद्यालयले संयोजन गर्ने *पिस एण्ड कन्फ्लिक्ट स्टडिज*, केनसअ विश्वविद्यालयको *पिसबिल्डिङ एण्ड डेभलपमेन्ट* र नेदरल्याण्डको इरास्मस विश्वविद्यालयको *डेभलपमेन्ट एण्ड चेन्ज* जस्ता जर्नलको लागि समीक्षक भएँ । यसरी समाज विज्ञानका स्थापित जर्नलका लागि मस्यौदा समीक्षक भएर काम गर्ने नेपालीहरू धेरै छन् ।

जर्नल लेख छापिनु अनुसन्धाताको लागि सुवर्ण तक्मा पाउनुजस्तै हो । म सम्झिन्छु, न्यू इंग्ल्याण्ड विश्वविद्यालय छँदा राजनीतिशास्त्र तथा अन्तर्राष्ट्रिय अध्ययन विभागभित्र लामो करिडोर थियो । दायाँबायाँ लस्करै अध्यापक, प्राध्यापक र विद्यावारिधि शोधार्थीका कार्यालय । राम्रा अनुसन्धाताको ढोकामा तिनका जीवनका सर्वोत्कृष्ट र पछिल्लो जर्नल लेखका पहिलो पृष्ठ टाँसिएका हुन्थे । तिनले यसरी टाँस्थे कि त्यो तिनको जीवनको भिक्टोरिया क्रस नै थियो । हुन पनि राम्रो जर्नलमा छापिने आफ्ना लेख एउटा अनुसन्धाताको लागि भिक्टोरिया क्रसजस्तै हुन्छ ।

जर्नल लेख छापिइसकेपछि त्यसले कतिपयको प्राज्ञिक वृत्तिमा पनि सकारात्मक असर पार्छ । त्यसमा मेरो पनि केही पेसागत अनुभव छ । उदाहरणका लागि म नेपालमा कार्यरत संस्था अनुसन्धानमा दक्षताको लागि स्वीस राष्ट्रिय केन्द्रले कर्मचारीको कार्यसम्पादनको आवधिक समीक्षा गरी बढुवा गर्ने गर्थ्यो । तीन जर्नल लेख प्रकाशित भएपछि सन् २०१२ मा म अनुसन्धान अधिकृतबाट वरिष्ठ अनुसन्धातामा बढुवा भएँ । चौँथो प्रकाशित भएपछि विद्यावारिधिको लागि छात्रवृत्तिमा नाम निस्कियो (त्यसरी प्रकाशित हुनु छात्रवृत्ति पाउनको लागि वाञ्छनीय नभए पनि अपेक्षित योग्यता थियो) ।

तर बढुवा वा विद्वत्वृत्ति पाउने योग्यता पुऱ्याउनकै लागि जर्नल लेख जसरी पनि छाप्न मरिहत्ते गर्ने जमात पनि नभएको होइन । त्यस्ता कतिपय लेखकले नामको अगाडि “इन्टरनेशनल” झुण्ड्याइएका जर्नलमा आफैले पैसा तिरेर लेख छपाउने गरेका पनि छन् । यस्तै दुःखपूर्ण व्यवहार छ प्रकाशकहरूको । अहिले अंग्रेजी भाषाका मुख्य जर्नल

प्रकाशकहरू सम्पादक, लेखक र समीक्षकलाई निःशुल्क काम लगाएर निस्किएका जर्नल लेख विश्वविद्यालयका पुस्तकालयलाई नै बेचेर अकूत सम्पत्ति कमाएका तथ्य सार्वजनिक भइरहेका छन् । जस्तै, मैले नै लेखेका अधिकांश जर्नल लेख म आफूले चाहेको वेबसाइटमा प्रकाशित गर्न सक्दिनँ । तर तिनैलाई प्रकाशकले भने सयौँ डलरमा बेचिरहेका हुन्छन् । लाभ पाउन पर्ने वर्गले त झन् त्यो किनेर पढ्न पनि सक्छ कि सक्दैन, संशयकै विषय हो ।

प्राज्ञिक लेख छपाइरहन कार्यालयको समयले मात्रै पुग्दैन । राम्रो र प्रभावकारी लेख छपाउन व्यक्तिगत समय र अन्य चाहनालाई पनि तिलाञ्जलि दिनुपर्छ । त्यसैले मलाई कुनै लाभ वा आशबिनै ज्ञानको सिर्जनामा लागेका जर्नलका सम्पादक र लेखकप्रति अगाध सम्मान लाग्छ । आफैलाई पनि जर्नलमा लेख छापिएपछि घनिभूत आनन्द आउँछ । दशैँ, तिहार, नयाँ वर्ष, छठ एकैपटक आएजस्तो लाग्छ । किनकि आफूले गरेको अनुसन्धान, सैद्धान्तिक विश्लेषण र अघि सारेको तथ्य र तर्कलाई फराकिलो प्राज्ञिक समुदायले प्रश्न/प्रतिप्रश्न गरी अनुमोदन गरेको उपलब्धि हो जर्नल लेख । यसले विचारले खारिन र अरूको विचारप्रति सहिष्णु हुन पनि सिकाउँछ ।

सहिष्णु र निष्पक्षता सिकाउने धेरै अनुभवमध्ये एउटा यहाँनिर स्मरणयोग्य छ । क्यानडाको ब्रिटिश कोलम्बिया विश्वविद्यालयले ९१ वर्षदेखि *प्यासिफिक अफेयर्स* भन्ने जर्नलको प्रकाशन संयोजन गर्दै आएको छ । सन् २०१६ मा यस जर्नलका सम्पादकको इमेल आयो । इन्द्र अधिकारी लिखित *मिलिटरी एण्ड डेमोक्रेसी इन नेपाल* पुस्तकको समीक्षा गरिदिन भनिएको रहेछ । केही जर्नलले समीक्षाको उदाहरणीय अभ्यास गरेका छन् । हाम्रो अखबारे शैलीजस्तो चिनेको लेखकको समीक्षा पठाउने र प्रचार गरिदिने भन्ने हुन्न । सम्पादक मण्डलले पुस्तकको विषय हेरी योग्य समीक्षक छान्छ । यदि पुस्तक लेखकसँग कुनै स्वार्थ बाझिएको छ भने पहिल्यै खुलाउनुपर्छ । मलाई पठाइएको निर्देशिकामा इन्द्र अधिकारीको पुस्तकका सबल र सुधारयोग्य पक्ष दुवै बराबरी केलाउनुपर्ने भनिएको थियो । करिब आधा लेखमा त दुर्बल पक्ष केलाउनुपर्ने भयो । अब यसले इन्द्र जीसँगको सम्बन्धमा के असर पार्ला भन्ने चिन्ता थियो । तर समीक्षा छापिएपछि उहाँले कमजोरीलाई पनि सहजै स्वीकार्नु भयो । स्वस्थ बौद्धिक विमर्शले सिकाउने यो अर्को उल्लेख्य गुण हो । इन्द्र जीप्रति श्रद्धा जागेर आयो । किनकि हामीकहाँ समीक्षक र लेखकबीच समीक्षा लेखेकै कारण पानी बराबर भएको मैले देखेको छु ।

जर्नलमा लेख छाप्नको लागि लेखकमा "गैँडाको जस्तो छाला हुनु" जरुरी हुन्छ भनिन्छ । यस्ता अनुसन्धातामा जस्तो सुकै वैचारिक आक्रमणलाई पनि खप्न सक्ने । तर हामीकहाँ ज्ञानको साधना गर्ने विद्यावारिधि प्राप्त मान्छेले पनि आफ्नो विचारप्रति असहमत हुने प्रश्नकर्तालाई प्रज्ञा प्रतिष्ठानको मञ्चबाटै जुत्ता हानेको उदाहरण यही पुस्तामा देखेका

छौँ ।[३] तर जर्नल संस्कृतिले फरक विचारको सम्मान गर्ने पद्धति बसाल्छ । यसले संसारमा वैचारिक बहुलतालाई स्वीकार गर्छ र विचार सबैको एकै हुनुपर्छ भन्ने मान्यता राख्दैन ।

## अबको बाटो

समाज विज्ञानमा अनुसन्धानको मूल उद्देश्य समाज बुझ्नु वा सामाजिक विकास सम्बन्धी सरकारी नीतिलाई परिष्कृत पार्नु हो । तर हामीकहाँ अनुसन्धाता र नीति-निर्माताबीच उति तादात्म्य देखिँदैन । नीति-निर्मातामा अनुसन्धानमूलक लेख खोज्ने र पढ्ने संस्कृति कम छ भने जर्नल लेखलाई लक्षित वर्गसम्म पुगेको सुनिश्चित गर्न अनुसन्धाता पनि चुकेका छन् । यो परिस्थिति आउनुमा धेरै तत्त्वले प्रभाव पारेका छन् । पहिलो कुरा, हाम्रा विश्वविद्यालय र अनुसन्धान संस्थाले राम्रो जर्नलको ग्राहक बन्न चाहे भने पनि बजेटले पुग्दैन । दोस्रो, अनुसन्धातामा विश्वभरका लक्षित पाठकमा पुग्ने चाहना हुन्छ र धेरैभन्दा धेरै पाठकमा पुग्न अंग्रेजीमा लेख्नुपर्छ भन्ने बुझाइ छ । उता सबै नीति-निर्मातालाई अंग्रेजीमा लेखिएको लेख पढ्न सहज लाग्दैन । यो समस्याबाट पार पाउने एउटा विकल्प नेपालबाट छापिने जर्नललाई प्रोत्साहन दिनु र नीति परिवर्तन गर्दा तिनको भर पर्नु नै हो ।

प्राज्ञिक जगतमा एउटा कथन छ, "पब्लिश अर पेरिश" (छपाऊ या बिलाऊ) । असल साधक बन्न ज्ञान उत्पादनको बहसमा निरन्तर होमिइरहनु पर्छ । ज्ञानलाई पुज्ने संस्कारमा यसरी ज्ञानप्राप्तिको साधना गर्नेको सम्मान हुन्छ । समाज हिँडिरहेको बाटोमा आइपर्न सक्ने खाल्टाखुल्टी, चट्टान र अप्ठ्याराबारे समाजलाई सजग गराउनु अनुसन्धाताको धर्म हो । जिन्दगीमा यो यात्रा कहिल्यै नसक्कियोस् भन्ने लाग्छ । अबका दिनमा इतर विचारमाथि पनि सभ्य, स्वस्थ र निर्भय बहस गर्न पाइयोस् । व्यक्ति हैन, विचारमाथि बहस गर्न सकौँ र आलोचनालाई खप्ने सामर्थ्य राख्न सकौँ । नेपाल र संसारका कुना-कुनामा बसेर अहोरात्र यो प्राज्ञिक कर्ममा लागेका सबैलाई नमन ।

## धन्यवाद

यो अनुभवलाई अभिलेखको रूपमा प्रकाशन गर्न घच्घच्याउने *अन्नपूर्ण पोस्ट्* (फुर्सद) का संयोजक विमल आचार्यप्रति धेरै आभारी छु । त्यसै गरी, लेखको प्रारम्भिक मस्यौदा पढी टिप्पणी गर्ने प्रत्यूष वन्त, चूडामणि बस्नेत, देवराज हुमागाईं र देवेन्द्र उप्रेतीलाई पनि धेरै धन्यवाद ।

[३] पुस २७, २०७३ मा नेपाल प्रज्ञा प्रतिष्ठानमा भएको पृथ्वीनारायण शाहको जन्मजयन्ती समारोहमा वक्ताका रूपमा उपस्थित नेपाली सेनाका पूर्व जर्नेल प्रेमसिंह बस्न्यातले शाहको आलोचना गरेको भन्दै एक सहभागी प्रश्नकर्तालाई मञ्चबाटै जुत्ता हानेका थिए (नेपाल आज २०७३) ।

## सन्दर्भ सामग्री

घिमिरे, सफल । २०७६ । जर्नल लेख छाप्ने जोस । *अन्नपूर्ण पोस्ट्* (फुर्सद), वैशाख २८ । http://annapurnapost.com/news/127112 मा उपलब्ध, असार ४, २०७७ मा हेरिएको ।

घिमिरे, सफल । सन् २०११ । ग्रामीण जीविकामा सूचना-प्रविधिको प्रभाव : नाङ्गी गाउँको अध्ययन । *मिडिया अध्ययन* ६ : १५–३९ ।

नेपाल आज । २०७३ । पूर्व जर्नेलद्वारा सर्वसाधारणलाई जुत्ता प्रहार, गोलीले उडाइदिने धम्की । https://nepalaaja.com/2017/1/50415 मा उपलब्ध; मे १०, २०२० मा हेरिएको ।

Ghimire, Safal. 2012. ICT as a Livelihood Option amidst Conflicts: A Case of Nangi Village in Nepal. In *Redefining Paradigms of Sustainable Development in South Asia*. Sarah S. Aneel, Uzma T. Haroon, Imrana Niazi, eds., pp. 167–188. Islamabad: Sang-e-Mill Publishers.

Ghimire, Safal. 2016. Making Security Sector Reform Organic: Infrastructure for Peace as an Entry Point? *Peacebuilding* 4(3): 262–281.

Ghimire, Safal. 2017. Optimised or Compromised? United Kingdom Support to Reforming Security Sector Governance in Post-war Nepal. *Third World Quarterly* 38(6): 1415–1436.

Ghimire, Safal. 2018. Rising Powers and Security: A False Dawn of the Pro-south World Order? *Global Change, Peace and Security* 30(1): 37–55.

Ghimire, Safal. 2019. *The Politics of Peacebuilding: Emerging Actors and Security Sector Reform in Conflict-affected States*. London: Routledge.

Ghimire, Safal and Bishnu Raj Upreti. 2012. Corporate Engagement for Conflict Transformation: Conceptualizing the Business-Peace Interface. *Journal of Conflict Transformation and Security* 2(1): 77–100.

Ghimire, Safal and Bishnu Raj Upreti. 2014a. Wavering between Profit-making and Change-making: Private Media Companies in Conflicts in Nepal. *Media, War & Conflict* 7(2): 187–200.

Ghimire, Safal and Bishnu Raj Upreti. 2014b. Peace by Corporate Means: How Mature is the Private Sector for Peacebuilding in Nepal? *Journal of Peacebuilding & Development* 9(2): 90–96.

## लेखक परिचय

अस्ट्रेलियास्थित युनिभर्सिटी अफ न्यू इंग्ल्याण्डबाट सुरक्षा तथा अन्तर्राष्ट्रिय अध्ययनमा विद्यावारिधि गरेका **सफल घिमिरे**ले नेपाली, अस्ट्रेलियाली र युरोपेली विश्वविद्यालय, अन्तर्राष्ट्रिय गैरसरकारी निकाय र सरकारी सुरक्षा निकायसँग आबद्ध भई सुरक्षा तथा नीतिबारे विभिन्न अनुसन्धान गरेका छन् । इमेल : safal.ghimire@gmail.com